राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ११ २०८३ साउन १४ गते विहिवार (30 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## देवानगञ्ज घटनाको विरोधमा सप्तरी बन्द, प्रदर्शन जारी

दैनिक समाचारदाता

सप्तरी १३ साउन । सुनसरीको देवानगञ्ज गाउँपालिका(३ कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएको घटनाको विरोधमा मंगलबार सप्तरी सदरमुकाम राजविराज बन्द गरिएको छ।

विरोधस्वरूप हनुमाननगर बजार पनि बन्द गरिएको छ भने तिरहुत गाउँपालिका(४ डिमनमा हुलाकी सडक अवरुद्ध पारेर प्रदर्शन भइरहेको छ।

यसअघि कञ्चनरूप नगरपालिका(११ स्थित सिमरा चोकमा युवाहरूले टायर बालेर केही समय पूर्व(पश्चिम राजमार्ग अवरुद्ध गरेका थिए।



प्रदर्शनकारीहरूले घटनाको निष्पक्ष छानबिन, घाइतेको निःशुल्क उपचार, पीडित परिवारलाई उचित क्षतिपूर्ति तथा दोषीमाथि कानुनी कारबाहीको माग गरेका छन्।

यसैबीच, देवानगञ्जमा जारी कर्फ्युको प्रभाव छिमेकी जिल्ला सप्तरीमा समेत देखिन थालेको छ। पूर्वी क्षेत्रबाट हुने ढुवानी प्रभावित भएपछि खाना पकाउने एलपी ग्यासको आपूर्तिमा समस्या देखिएको व्यवसायीहरूले बताएका छन्।

सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाको अध्यक्षतामा सोमबार बसेको सर्वदलीय बैठकले सामाजिक सद्भाव कायम राख्न दुईबुँदे सहमति गरेको थियो। तर, उक्त सहमतिविपरीत विभिन्न स्थानमा प्रदर्शन जारी रहेकाले जिल्लाको सुरक्षा चुनौती थपिएको प्रशासनको भनाइ छ। उल्लेखनीय छ, आइतबार राति सुनसरीको देवानगञ्ज(३ कप्तानगञ्जमा दुई समूहबीच भएको झडप नियन्त्रण गर्ने क्रममा प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएको थियो।

## चार प्रकारका मुद्दा प्रत्यक्ष प्रसारणमा रोक




दैनिक समाचारदाता

काठमाडौं, १३ साउन। सर्वोच्च अदालतले स्पष्ट नीति, निर्देशिका र मापदण्ड नबनेसम्म चार प्रकृतिका मुद्दाको सुनुवाइ प्रत्यक्ष प्रसारण नगर्न अन्तरिम आदेश जारी गरेको छ।

न्यायाधीशद्वय विनोद शर्मा र शान्तिसिंह थापाको इजलासले सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारका नाममा उक्त आदेश जारी गर्दै प्रचलित कानुनअनुसार गोप्य राख्नुपर्ने तथा बन्द इजलासबाट सुनुवाइ हुने मुद्दाको प्रत्यक्ष प्रसारण नगर्न निर्देशन दिएको हो।

आदेशअनुसार मुद्दाका कुनै पक्ष वा उनीहरूका कानुन व्यवसायीले गोपनीयता कायम गर्न र प्रत्यक्ष प्रसारण नगर्न अनुरोध गरेका मुद्दाको सुनुवाइ पनि प्रत्यक्ष प्रसारण गरिने छैन।

यस्तै, अदालत वा इजलासले प्रत्यक्ष प्रसारणका लागि उपयुक्त नभएको ठहर गरेका विषय वा मुद्दाको सुनुवाइसमेत प्रत्यक्ष प्रसारण नगर्न सर्वोच्चले आदेश दिएको छ।

सर्वोच्च अदालतले प्रत्यक्ष प्रसारण भएका भिडियो क्लिपहरू तोडमोड वा भ्रामक ढंगले प्रसारण नगर्न पनि निर्देशन

बाँकी पृष्ठ ३मा

## नेपाली नुनप्रति आकर्षण किसानलाई मलको अभाव

**वीरेन्द्र कर्ण**

जनकपुरधाम, १३ साउन । केही वर्षअघिसम्म भारतीय सीमासँग जोडिएका नेपाली गाउँका अधिकांश बासिन्दाले भारतीय नुन प्रयोग गर्ने गरेका कारण आयोडिनको कमीबाट हुने विभिन्न स्वास्थ्य समस्याको जोखिम व्यहोर्नुपरेको थियो। तर अहिले अवस्था फेरिएको छ। साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, शाखा कार्यालय जनकपुरधामले आयोडिनयुक्त नुनको महत्व र यसको स्वास्थ्य लाभबारे व्यापक जनचेतनामूलक अभियान सञ्चालन गरेपछि दुर्गम ग्रामीण क्षेत्रका उपभोक्ताले दुई बालबालिकाको चिन्ह अंकित नेपाली आयोडिनयुक्त नुन प्रयोग गर्न थालेका छन्।

भारतीय सीमावर्ती क्षेत्रमा आयोडिनयुक्त नुनको प्रयोगबाट हुने फाइदाबारे प्रचार(प्रसार बढेसँगै भारतीय नुनको प्रयोग घट्दै गएको छ। शाखा कार्यालयका प्रमुख शुभनारायण साहका अनुसार नेपाली आयोडिनयुक्त नुनप्रति उपभोक्ताको आकर्षण बढेसँगै यसको बिक्रीसमेत उल्लेखनीय रूपमा वृद्धि भएको छ।

हाल धनुषा, महोत्तरी र सिन्धुली जिल्लाका २८ वटा डिलरमार्फत ग्रामीण क्षेत्रसम्म आयोडिनयुक्त नुन आपूर्ति भइरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले रु. २१ करोड ५५ लाख २८ हजार ५०० बराबरको १ लाख ८७ हजार ८१० बोरा आयोडिनयुक्त नुन बिक्री गरेको जनाएको छ।

सरकारले आयोडिनयुक्त नुनको खुद्रा मूल्य प्रतिकिलो रु. २६ तोके पनि स्थानीय व्यापारीले प्रतिकिलो रु. ३० सम्ममा बिक्री

बाँकी पृष्ठ ३मा

## सद्भाव कायम राख्न देशभर अपिल, सुरक्षा कडा

दैनिक समाचारदाता

जनकपुरधाम, १३ साउन । सुनसरीको देवानगञ्ज गाउँपालिका(३ कप्तानगञ्जमा भएको घटनापछि देशका विभिन्न जिल्लामा सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न प्रशासन, राजनीतिक दल, नागरिक समाज र सुरक्षा निकाय सक्रिय भएका छन्। अफवाह र द्वेषपूर्ण अभिव्यक्ति रोक्न अपिल गरिनुका साथै सुरक्षा व्यवस्था कडा पारिएको छ भने विभिन्न स्थानमा सद्भाव र्‍यालीसमेत आयोजना गरिएको छ।




जिल्ला प्रशासन कार्यालय सिरहाले सामाजिक सञ्जालमार्फत भ्रामक सूचना, अफवाह र धार्मिक तथा साम्प्रदायिक द्वेष फैलाउने गतिविधिबाट टाढा रहन सबै नागरिकलाई आग्रह गरेको छ। सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालद्वारा जारी सूचनामा पुराना घटनालाई वर्तमान घटनासँग जोडेर भ्रम फैलाउने, कुनै धर्म वा समुदायविरुद्ध घृणा फैलाउने तथा सामाजिक सद्भाव खलबल्याउने कार्य नगर्न अनुरोध गरिएको छ। यस्ता गतिविधिमा संलग्न जो(कोहीलाई मुलुकी अपराध संहिता, २०७४ तथा विद्युतीय कारोबार ऐन, २०६३ अनुसार कानुनी कारबाही गरिने चेतावनी पनि दिइएको छ।

उता, सुनसरीको इटहरीमा नागरिक समाजको अगुवाइमा बुधबार 'सामाजिक सद्भाव र्‍याली' निकालिएको छ। र्‍यालीले इटहरी बजार परिक्रमा गर्दै सबै समुदायलाई संयमता अपनाउन, अफवाहको पछि नलाग्न र आपसी एकता कायम राख्न आग्रह गरेको छ। यसअघि मंगलबार दुहबीमा पनि सद्भाव र्‍याली आयोजना गरिएको थियो।


घटनाप्रति नेकपा (एमाले) ले पनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। महासचिव शंकर पोखरेलद्वारा जारी विज्ञप्तिमा सरकार र स्थानीय प्रशासन संवेदनशील विषयमा गैरजिम्मेवार देखिएको आरोप लगाउँदै समयमै संवाद र समन्वय नगरी बल प्रयोग गरिएकाले परिस्थिति थप उत्तेजित बनेको उल्लेख गरिएको छ। एमालेले घटनामा ज्यान गुमाएका ओमप्रकाश मेहताप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेको निःशुल्क उपचार, पीडित परिवारलाई राहत, निष्पक्ष छानबिन र दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ। साथै, अफवाहमा नलागी धार्मिक, सामाजिक र जातीय सद्भाव कायम राख्न सबैसँग आह्वान गरेको छ।

सुनसरी घटनापछि मधेश प्रदेशको राजधानी जनकपुरधामसहित प्रदेशका आठवटै जिल्लामा सुरक्षा व्यवस्था कडा पारिएको छ। जिल्ला प्रशासन कार्यालय धनुषाको अगुवाइमा आयोजित सर्वदलीय तथा सर्वपक्षीय बैठकले सामाजिक सद्भाव


बाँकी पृष्ठ ३मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



# सम्पादकीय

## स्वास्थ्यमा असुरक्षाको संकट

वीरगञ्जस्थित नारायणी अस्पतालका ६८ जना चिकित्सकको सामूहिक राजीनामा केवल एउटा अस्पतालको प्रशासनिक विवाद होइन, यो नेपालको सार्वजनिक स्वास्थ्य प्रणालीमाथि गम्भीर प्रश्न उठाउने घटना हो। उपचारमा खटिएका चिकित्सकमाथि आक्रमण, अस्पतालमा तोडफोड र त्यसपछिको घटनाक्रमले स्वास्थ्य संस्थाको सुरक्षा, कानुनी शासन र राज्यको जिम्मेवारीमाथि गहिरो चिन्ता उत्पन्न गरेको छ।

लोकतान्त्रिक समाजमा कुनै पनि सेवा वा प्रणालीप्रति असन्तुष्टि भए त्यसको समाधान कानुनी र शान्तिपूर्ण माध्यमबाट खोजिनुपर्छ। तर अस्पतालजस्तो संवेदनशील स्थानमा हिंसा हुनु, चिकित्सकमाथि कुटपिट हुनु र उपचार सेवामै अवरोध सिर्जना हुनु कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन। यस्तो वातावरणले चिकित्सकको मनोबल कमजोर बनाउनुका साथै सर्वसाधारणको स्वास्थ्य सेवामाथिको पहुँचलाई समेत प्रभावित बनाउँछ।

घटनापछि दोषीलाई कानुनी कारबाही गर्ने आश्वासन दिइए पनि वार्ताकै क्रममा चिकित्सकहरूले अपमानजनक व्यवहार र नियन्त्रणमा राखिएको आरोप लगाएका छन्। यदि यस्तो आरोप सत्य हो भने यो समस्या समाधानतर्फ होइन, झन् जटिलतातर्फ धकेल्ने कदम हो। संवादको वातावरण बिगार्ने र सम्बन्धित पक्षलाई अपराधीसरह व्यवहार गर्ने शैलीले अविश्वास मात्र बढाउँछ। राज्यका निकायले संवेदनशीलता, संयम र निष्पक्षता प्रदर्शन गर्न सकेनन् भने यस्ता विवादहरू थप गहिरिने जोखिम रहन्छ।

चिकित्सकहरूको सामूहिक राजीनामा र देशभर आकस्मिकबाहेकका सेवा बन्द गर्ने निर्णयले हजारौं बिरामी प्रत्यक्ष प्रभावित हुनेछन्। यसले स्वास्थ्य सेवा केवल चिकित्सक र प्रशासनबीचको विषय नभई आमनागरिकको जीवनसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र भएको स्पष्ट पार्छ। त्यसैले यस अवस्थालाई प्रतिष्ठाको लडाइँ होइन, जनस्वास्थ्यको संकटका रूपमा हेर्न आवश्यक छ।

सरकारको पहिलो दायित्व चिकित्सक, स्वास्थ्यकर्मी र बिरामी सबैको सुरक्षा सुनिश्चित गर्नु हो। दोषी जोसुकै भए पनि उनीहरूमाथि निष्पक्ष र शीघ्र कानुनी कारबाही हुनुपर्छ। साथै, वार्तामार्फत उत्पन्न अविश्वास हटाई चिकित्सकहरूलाई सुरक्षित र सम्मानजनक वातावरणमा काम गर्ने प्रत्याभूति दिनुपर्छ। अर्कोतर्फ, चिकित्सकहरूले पनि बिरामीको जीवनलाई केन्द्रमा राख्दै समाधानका लागि संवादको ढोका खुला राख्नु आवश्यक छ।

स्वास्थ्य क्षेत्रमा असुरक्षा, हिंसा र अविश्वास बढ्दै जाने हो भने त्यसको सबैभन्दा ठूलो मूल्य आमनागरिकले चुकाउनुपर्नेछ। त्यसैले सरकार, सुरक्षा निकाय, चिकित्सक समुदाय र सरोकारवाला सबै पक्षले जिम्मेवारी, संयम र कानुनी शासनलाई प्राथमिकतामा राख्दै तत्काल विश्वासको वातावरण पुनःस्थापित गर्नु आजको अपरिहार्य आवश्यकता हो।

# आन्तरिक सुरक्षा कसरी मजबुत पार्ने ?

*अभयराज जोशी*

नेपाल अहिले राजनीतिक संक्रमणको चरणमा मात्र छैन । क्रमशः यस्तो अवस्थातर्फ उन्मुख देखिन्छ, जहाँ सामाजिक ध्रुवीकरण, आर्थिक निराशा, कमजोर संस्थागत क्षमता तथा सार्वजनिक विश्वासको ह्रासले आन्तरिक सुरक्षा र राष्ट्रिय सुरक्षा दुवैमाथि नयाँ प्रकृतिका चुनौतीहरू सिर्जना गरिरहेका छन्।

यी चुनौतीहरू कुनै एक घटनाको परिणाम मात्र होइनन् । बरु राज्य, समाज र नागरिकबीचको विश्वास क्रमशः कमजोर हुँदै गएको दीर्घकालीन प्रक्रियाका संकेत हुन्।




हालै भएका विभिन्न आन्दोलन, सामाजिक तनाव तथा सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा भएको दुःखद घटनाले नेपालमा सुरक्षा व्यवस्थापन, द्वन्द्वका प्रारम्भिक संकेतहरूको पहिचान तथा सामाजिक सद्भाव संरक्षणका विषयमा गम्भीर नीतिगत बहस आवश्यक रहेको स्पष्ट पारेका छन्।

प्रदर्शनका क्रममा भएको मानवीय क्षति अत्यन्त संवेदनशील विषय हो। यस्ता घटनाको निष्पक्ष, पारदर्शी र विश्वसनीय अनुसन्धान हुनु लोकतान्त्रिक राज्यको दायित्व हो। साथै, सुरक्षा रणनीति, भीड व्यवस्थापन, जोखिम मूल्याङ्कन तथा स्थानीय तहमा द्वन्द्व रोकथाम प्रणालीको प्रभावकारिताबारे पनि गहन समीक्षा आवश्यक छ।

लोकतन्त्रमा विविध पहिचानको सम्मान र संरक्षण अनिवार्य हुन्छ। तर, जात, धर्म, भाषा, क्षेत्र वा समुदायलाई दीर्घकालीन राष्ट्रिय हितभन्दा तत्कालीन राजनीतिक लाभका लागि प्रयोग गरिँदा सामाजिक विश्वास कमजोर हुन सक्छ। साझा नागरिक पहिचानभन्दा समूहगत ध्रुवीकरणलाई प्रोत्साहन गर्ने प्रवृत्तिले समाजमा अविश्वास बढाउने र आन्तरिक सुरक्षामा प्रत्यक्ष प्रभाव पार्ने जोखिम रहन्छ।

नेपाल अहिले यस्तो मोडमा उभिएको छ, जहाँ प्रत्येक घटनालाई केवल राजनीतिक दृष्टिकोणबाट व्याख्या गर्ने वा अस्थिरतालाई सामान्यीकृत गर्ने प्रवृत्तिले दीर्घकालीन रूपमा राष्ट्रिय हितलाई कमजोर बनाउन सक्छ।

सामाजिक ध्रुवीकरण संस्थागत रूपमा गहिरिँदै गएपछि सार्वजनिक संस्थामाथिको विश्वास निरन्तर कमजोर हुन्छ । नियन्त्रित अस्थिरता जस्तो अवस्था सिर्जना हुन सक्छ। यस्तो अवस्थामा तनाव निरन्तर रहन्छ । तर त्यसको दीर्घकालीन समाधानतर्फ पर्याप्त राजनीतिक इच्छाशक्ति, संस्थागत समन्वय वा सार्वजनिक विश्वास निर्माणका प्रयासहरू कमजोर देखिन सक्छन्। यसको प्रत्यक्ष असर राष्ट्रिय स्थायित्वमा पर्छ।

आजको आन्तरिक सुरक्षा कानून-व्यवस्था कायम गर्ने विषयमा सीमित छैन। यो सुशासन, न्यायमा पहुँच, सामाजिक विश्वास, आर्थिक अवसर, सार्वजनिक सेवा प्रवाह तथा राज्यको उत्तरदायित्वसँग प्रत्यक्ष जोडिएको बहुआयामिक अवधारणा हो।

नेपालमा आन्तरिक सुरक्षाका प्रमुख चुनौतीहरू देखा परेका छन । बढ्दो राजनीतिक ध्रुवीकरण,धार्मिक तथा सांस्कृतिक भावनाको राजनीतिक उपयोग, सामाजिक सञ्जालमार्फत गलत सूचना भ्रमपूर्ण सूचना तथा घृणाजन्य अभिव्यक्तिको विस्तार, बेरोजगारी, आर्थिक असमानता तथा युवामा बढ्दो निराशा, जलवायु परिवर्तन, विपद् तथा सीमित स्रोत-साधनमाथिको प्रतिस्पर्धाबाट उत्पन्न तनाव र स्थानीय विवादलाई संगठित हिंसा वा व्यापक अस्थिरतामा रूपान्तरण गर्ने प्रयासहरूले चुनौती खडा गरेका छन् । यी चुनौतीहरू फरक-फरक देखिए पनि अन्ततः एउटै राष्ट्रिय सुरक्षा वातावरणलाई प्रभावित गरिरहेका छन्।

### *राष्ट्रिय सुरक्षाको अवधारणा*

२१औँ शताब्दीमा राष्ट्रिय सुरक्षा सीमाको रक्षा वा सैन्य क्षमतामा सीमित रहँदैन। प्रभावकारी राष्ट्रिय सुरक्षा भनेको नागरिकको सुरक्षा, सामाजिक सद्भाव, लोकतान्त्रिक संस्थामाथिको विश्वास, आर्थिक लचिलोपन, विधिको शासन तथा संकट व्यवस्थापन गर्ने राज्यको क्षमताको समष्टिगत अवस्था हो।

यदि समाजभित्र विभाजन, घृणा र अविश्वास बढ्दै गयो भने बाह्य चुनौतीहरूको सामना गर्ने राष्ट्रिय क्षमता स्वतः कमजोर हुँदै जान्छ। त्यसैले आन्तरिक एकता र सामाजिक विश्वास राष्ट्रिय सुरक्षाका आधारभूत स्तम्भ हुन्।

आर्थिक अवसर सीमित हुँदा र समृद्धिप्रतिको आशा कमजोर बन्दै जाँदा सामाजिक निराशा बढ्छ। यस्तो अवस्थामा तथ्यभन्दा भावनाले बढी प्रभाव पार्न थाल्छ। गलत सूचना, षड्यन्त्रका कथन, धार्मिक वा जातीय उत्तेजना तथा सामाजिक सञ्जालमार्फत फैलाइने विभाजनकारी सामग्रीले समाजलाई छिट्टै ध्रुवीकृत गर्न सक्छ। यदि नागरिकले आफ्नो राजनीतिक, जातीय वा धार्मिक समूहको गलत कार्यलाई पनि समर्थन गर्ने र अर्को समूहको सकारात्मक कार्यलाई समेत अस्वीकार गर्ने प्रवृत्ति विकास गर्न थाले भने सामाजिक विश्वासको आधार क्रमशः कमजोर हुँदै जान्छ। यस्तो वातावरण लोकतान्त्रिक संवादभन्दा टकरावलाई बढावा दिने जोखिम बोकेको हुन्छ।

नेपालले प्रतिक्रियात्मक सुरक्षाभन्दा अघि बढेर रोकथाममुखी सुरक्षा र मानव सुरक्षा मा आधारित समग्र राष्ट्रिय सुरक्षा दृष्टिकोण विकास गर्नु आवश्यक छ।

यसका लागि स्थानीय तहसम्म प्रारम्भिक द्वन्द्व चेतावनी प्रणाली विस्तार गर्ने,सुरक्षा निकाय र समुदायबीच विश्वासमा आधारित सहकार्य सुदृढ गर्ने,गलत सूचना तथा घृणाजन्य सामग्रीविरुद्ध तथ्यमा आधारित सार्वजनिक सञ्चार प्रणाली विकास गर्ने गर्नुपर्छ ।

त्यस्तै विद्यालय तथा विश्वविद्यालयमा नागरिक शिक्षा, वैज्ञानिक सोच र सामाजिक सद्भावसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिने, राजनीतिक दलहरूले अल्पकालीन राजनीतिक लाभभन्दा राष्ट्रिय स्थायित्वलाई प्राथमिकतामा राख्ने राजनीतिक संस्कृतिको विकास गर्ने, संवेदनशील घटनाको निष्पक्ष अनुसन्धानमार्फत दण्डहीनताको अन्त्य गर्ने, तथा जलवायु सुरक्षा, आर्थिक सुरक्षा, साइबर सुरक्षा र सामाजिक सुरक्षालाई राष्ट्रिय सुरक्षा नीतिको अभिन्न अङ्गका रूपमा संस्थागत गर्ने काम पनि गर्नुपर्छ ।

नेपाल अहिले यस्तो मोडमा उभिएको छ, जहाँ प्रत्येक घटनालाई केवल राजनीतिक दृष्टिकोणबाट व्याख्या गर्ने वा अस्थिरतालाई सामान्यीकृत गर्ने प्रवृत्तिले दीर्घकालीन रूपमा राष्ट्रिय हितलाई कमजोर बनाउन सक्छ।

राजनीतिक दल, सरकार, सुरक्षा निकाय, न्यायपालिका, सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक नेतृत्व, नागरिक समाज तथा आम नागरिक–सबैले संयम, संवाद, उत्तरदायित्व र तथ्यमा आधारित सार्वजनिक बहसलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हो।

राष्ट्रिय सुरक्षा सुरक्षा निकायले सुनिश्चित गर्ने विषय होइन । यो नागरिकको विश्वास, विधिको शासन, सुशासन, समावेशी विकास र सामाजिक सद्भावसँग समान रूपमा जोडिएको राष्ट्रिय दायित्व हो।

नेपाललाई आज सबैभन्दा बढी आवश्यक परेको कुरा विभाजनको राजनीति होइन । राष्ट्रिय एकता, उत्तरदायी नेतृत्व, संस्थागत विश्वास र साझा राष्ट्रिय उद्देश्यको पुनर्निर्माण हो। यदि सामाजिक ध्रुवीकरण, गलत सूचना, आर्थिक असुरक्षा तथा संस्थागत कमजोरीजस्ता चुनौतीहरूलाई समयमै सम्बोधन गर्न सकिएन भने भविष्यमा यी नै चुनौतीहरू राष्ट्रिय सुरक्षाका गम्भीर जोखिममा रूपान्तरण हुन सक्छन्।

नेपालको राष्ट्रिय सुरक्षा नीति (२०७५) ले राष्ट्रिय एकता, सुशासन, सामाजिक सद्भाव र समग्र सुरक्षालाई राष्ट्रिय हितको आधार मानेको छ।

त्यसैगरी, संयुक्त राष्ट्रसंघको ह्युमन सेक्युरिटी अवधारणाले नागरिकको सुरक्षा, सम्मान र जीवनयापनका आधारभूत अवसरहरूको संरक्षणलाई दिगो शान्ति र स्थायित्वको पूर्वशर्तका रूपमा स्वीकार गरेको छ।

विश्व आर्थिक मञ्चको ग्लोबल रिस्क प्रतिवेदनले पनि सामाजिक ध्रुवीकरण, गलत सूचना, जलवायु जोखिम तथा कमजोर संस्थागत विश्वासलाई आगामी दशकका प्रमुख वैश्विक जोखिमहरूका रूपमा औंल्याएको छ।

यी सन्दर्भहरूलाई दृष्टिगत गर्दा नेपालले राष्ट्रिय सुरक्षा, मानव सुरक्षा र लोकतान्त्रिक सुशासनलाई परस्पर पूरक नीतिगत आधारका रूपमा अघि बढाउनु अपरिहार्य आवश्यकता हो।

समृद्ध, शान्तिपूर्ण र सुरक्षित नेपाल निर्माणका लागि राष्ट्रिय सुरक्षा, मानव सुरक्षा, लोकतान्त्रिक सुशासन र सामाजिक एकतालाई परस्पर पूरक अवधारणाका रूपमा हेर्ने समय आएको छ। यही दृष्टिकोणले नेपालको दीर्घकालीन स्थायित्व, समृद्धि र राष्ट्रिय हितको संरक्षण गर्न सक्छ।

जोशी ग्लोबल सेन्टर फर क्याइमेट एण्ड सेक्युरिटी गभर्नेन्सका कार्यकारी निर्देशक हुन् ।

# तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |


# यस्ता खानेकुराले बढाउन सक्छन् आन्द्राको क्यान्सरको जोखिम

आन्द्राको क्यान्सर (कोलोरेक्टल क्यान्सर) को जोखिम बढाउन मुख्यतया प्रशोधित मासु, रातो मासु, अत्यधिक मद्यपान, र कम फाइबरयुक्त खानेकुराहरू जिम्मेवार मानिन्छन्।

पेट, कलेजो, तथा पाचन प्रणाली रोग विशेषज्ञ डा मुकेश शर्मा पौडेलका अनुसार हाम्रो गलत खानपान र जीवनशैलीका कारण ठूलो आन्द्राको भित्री भागमा कोषिका अनियन्त्रित रूपमा वृद्धि भई क्यान्सरको रूप लिने गर्दछ।

पक्त अबलअभच

आन्द्राको स्वास्थ्यलाई हानि पुऱ्याउने र क्यान्सरको खतरा बढाउने प्रमुख खानेकुरा र बानीहरू यस प्रकार छन्




*१ प्रशोधित र रातो मासु*

प्रशोधित मासु ससेज, सलामी, हटडग, र बट्टामा राखिएका मासुहरू लामो समयसम्म टिकाइराख्न रसायनहरू मिसाइन्छ। यस्ता तत्वले आन्द्राको भित्री तहलाई क्षति पुऱ्याउँछन्।

*रातो मासु*

राँगा, खसी, वा बंगुरको रातो मासु अत्यधिक मात्रामा सेवन गर्दा आन्द्राको क्यान्सरको जोखिम उच्च रहन्छ।

*पोलेको वा डढेको मासु*

कोइला वा सीधा आगोमा धेरै पोलेको (सेकुवा, ताश) मासुमा क्यान्सर गराउने हानिकारक रसायन उत्पन्न हुन्छन्।

**२ प्रशोधित र पत्रु खाना**

**मैदाजन्य परिकार**

मैदाबाट बनेका चाउचाउ, बिस्कुट, सेतो पाउरोटी जस्ता खाजाले पाचन प्रक्रियालाई सुस्त बनाउँछन्।

*अत्यधिक तारेको र भुटेको खाना*

धेरै तेलमा तारिएका र बजारिया जंक फुडहरूले आन्द्रामा इन्फ्लेमेसन (सुजन) बढाउँछन्।

**३ हानिकारक पेय पदार्थ र कुलत**

*अत्यधिक मद्यपान (रक्सी)*

मद्यपानले शरीरमा विषाक्त पदार्थ पैदा गर्छ, जसले आन्द्राका कोषहरूलाई नष्ट गरी क्यान्सरको खतरा बढाउँछ।

**चिनीयुक्त पेय पदार्थ**

बट्टाका जुस र चिसो पेय -कोक, फ्यान्टा) मा हुने अत्यधिक चिनीले मोटोपना बढाउँछ, जुन आन्द्राको क्यान्सरको अर्को प्रमुख कारण हो।

धूमपान र सुर्तीजन्य पदार्थ: चुरोट, खैनी, वा गुट्खाको सेवनले पाचन प्रणालीमा गम्भीर असर पुऱ्याउँछ।

**४ कम फाइबर र विषादीयुक्त खाना**

**फाइबरको कमी**

हरियो तरकारी, फलफूल र कम फाइबर भएका खानेकुरा मात्र खाँदा कब्जियतको समस्या हुन्छ, जसले गर्दा फोहोर पदार्थ लामो समय आन्द्रामा रहन गई क्यान्सरको जोखिम बढ्छ।

*केमिकल र विषादी*

पछिल्लो समयमा खाद्यान्न र तरकारीमा मिसाइने अत्यधिक विषादी र केमिकलका कारण पनि यो क्यान्सर तीव्र रूपमा बढिरहेको छ।

*बच्ने उपायहरू*

आफ्नो दैनिक खानामा फाइबरयुक्त खानेकुरा जस्तै हरियो सागसब्जी, फलफूल, र गेडागुडी समावेश गर्नुहोस्।

दिनमा ८ देखि १० गिलास पानी पिउने बानी बसाल्नुहोस्।

हप्तामा कम्तीमा १५० मिनेट व्यायाम वा शारीरिक श्रम गर्नुहोस्।

४५ वर्ष उमेर कटेपछि चिकित्सकको सल्लाहमा कोलोनोस्कोपी - ठूलो आन्द्राको जाँच) गराउनुहोस्।

# चिकित्सा शिक्षा आयोगको ६ अर्ब ५५ करोड बजेट स्वीकृत

दैनिक समाचारदाता

काठमाडौं १३ साउन । चिकित्सा शिक्षा आयोगले आर्थिक वर्ष २०८३/८४ का लागि ६ अर्ब ५५ करोड २५ लाख ९८ हजार रुपैयाँ बराबरको कार्यक्रम तथा बजेट स्वीकृत गरेको छ।



प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' को अध्यक्षतामा बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको आयोगको २७औँ बैठकले उक्त बजेट तथा कार्यक्रम स्वीकृत गरेको हो।

स्वीकृत बजेटमध्ये नेपाल सरकारबाट विनियोजित ५ अर्ब ९९ करोड २१ लाख रुपैयाँ तथा आयोगको आन्तरिक स्रोतबाट ५६ करोड ४ लाख ९८ हजार रुपैयाँ व्यवस्था गरिएको आयोगले जनाएको छ।

बैठकले आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म आयोगको आन्तरिक स्रोतमा रहेको ९९ करोड ८५ लाख ९६ हजार २६७ रुपैयाँ बचत र चालु आर्थिक वर्षमा विभिन्न आन्तरिक स्रोतबाट प्राप्त हुने अनुमानित ३५ करोड रुपैयाँ गरी कुल १ अर्ब ३४ करोड ८५ लाख ९६ हजार २६७ रुपैयाँ मध्ये चालु आर्थिक वर्षका लागि ५६ करोड ४ लाख ९८ हजार रुपैयाँ खर्च गर्ने निर्णय गरेको छ।

आयोगका अनुसार आन्तरिक स्रोतबाट विनियोजित बजेटमध्ये चालुतर्फ ४७ करोड ४२ लाख ९८ हजार रुपैयाँ र पुँजीगततर्फ ८ करोड ६२ लाख रुपैयाँ छुट्याइएको छ। बैठकमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल, स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता, आयोगका उपाध्यक्ष प्राडा. देवेन्द्रबहादुर खत्री तथा सदस्य सचिव एवं सहसचिव बसन्तप्रसाद कोइराला लगायतको सहभागिता रहेको थियो।

# ग्रामीण क्षेत्रमा सीसीटीभी सहित निष्पक्ष निर्वाचनको माग

दैनिक समाचारदाता

काठमाडौं, १३ साउन । नेकपा एमालेकी सांसद पद्मा अर्यालले शहरी क्षेत्रमा निर्वाचन तुलनात्मक रूपमा निष्पक्ष भए पनि ग्रामीण क्षेत्रमा अझै समस्या रहेको बताएकी छन्।



संसदीय सुनुवाइ समितिको बैठकमा प्रस्तावित प्रमुख निर्वाचन आयुक्त मानबहादुर कार्कीको सुनुवाइका क्रममा बोल्दै एमाले संसदीय दलकी उपनेतासमेत रहेकी अर्यालले मतदान केन्द्रमा प्रत्यक्ष निगरानीका लागि सीसीटीभी जडान गर्न सुझाव दिइन्।

'ग्रामीण क्षेत्रमा अझै पनि सबै ठाउँमा निर्वाचन निष्पक्ष हुन सकेको छैन,' उनले भनिन्, 'यसमा सुधारका लागि मतदान केन्द्रमा लाइभ सीसीटीभी राख्न सकिए राम्रो हुन्छ। नत्र पीडितको आवाज सुनिँदैन।'

अर्यालले निर्वाचनका बेला सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि औंल्याइन्।

उनले निर्वाचनका क्रममा हुने अनियमितता नियन्त्रणका लागि आयोगको योजना के छ भन्ने प्रश्नसमेत उठाइन्।

'मनि, मसल र मिडियाको प्रभावका कारण निष्पक्ष उम्मेदवारलाई कठिनाइ हुने अवस्था छ। यसको अन्त्य वा व्यवस्थापन कसरी हुन्छ ?' उनले प्रश्न गरिन्।

निर्वाचन आचारसंहिता कागजमै सीमित हुने गरेको उल्लेख गर्दै उनले त्यसको प्रभावकारी कार्यान्वयनमा निर्वाचन आयोगले सक्रिय भूमिका खेल्नुपर्नेमा जोड दिइन्।

## सद्भाव...........

कायम राख्ने, अवाञ्छित गतिविधि रोक्ने तथा सबै समुदायबीच समन्वय र सहकार्य बढाउनेलगायत छ बुँदे निर्णय गरेको छ। बैठकमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाज तथा विभिन्न धर्मका धर्मगुरुको सहभागिता रहेको थियो।

यसैबीच, सर्लाहीमा पनि सुरक्षा निकायलाई उच्च सतर्क अवस्थामा राखिएको छ। सर्वपक्षीय बैठकले धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न, नकारात्मक गतिविधिलाई निरुत्साहित गर्न र सामाजिक सद्भाव बिथोल्ने गतिविधिबारे तत्काल प्रहरी प्रशासनलाई जानकारी गराउन सबैसँग अपिल गरेको छ। सम्भावित अप्रिय घटना रोक्न सदरमुकाम मलङ्गवासहित संवेदनशील क्षेत्रमा प्रहरी परिचालनसमेत बढाइएको छ।सुनसरी घटनापछि देशका विभिन्न जिल्लामा प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल र नागरिक समाजले संयमता, आपसी विश्वास र सामाजिक सद्भाव कायम राख्न संयुक्त रूपमा आग्रह गर्दै शान्ति र कानुनी शासनलाई प्राथमिकता दिन सबै पक्षसँग अपिल गरेका छन्।

## नेपाली........

गर्ने गरेका कारण उपभोक्ता अतिरिक्त आर्थिक भार व्यहोर्न बाध्य भएका छन्।

यसै आर्थिक वर्षमा कार्यालयले रु. ६ करोड ६८ लाख ५५ हजार २५३ बराबरको ३ हजार ९३० मेट्रिक टन युरिया, रु. २३ करोड ३० लाख १७ हजार ६४५ बराबरको ५ हजार ६४ मेट्रिक टन डीएपी तथा रु. ७९ लाख ६० हजार ६० बराबरको ३३४ मेट्रिक टन पोटास बिक्री गरेको छ। यी मल धनुषा र महोत्तरीका २६९ वटा डिलरमार्फत किसानसम्म पुऱ्याइएको कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार संघीय सरकारबाट आवश्यक परिमाणको करिब ३० प्रतिशत मात्रै रासायनिक मल प्राप्त हुने भएकाले किसानको मागअनुसार मल उपलब्ध गराउन कठिनाइ भइरहेको छ।

## चार.....

दिएको छ। यदि त्यस्ता सामग्री प्रसारण भएको पाइएमा सम्बन्धित निकायमार्फत रोक्नसमेत अन्तरिम आदेश जारी गरिएको छ। अधिवक्ता जीवनकुमार शाहीसहितले विचाराधीन मुद्दाको प्रत्यक्ष प्रसारणले न्यायिक प्रक्रियामा प्रभाव पारेको, जनमानसमा भ्रम सिर्जना गरेको तथा अदालतप्रति नकारात्मक धारणा बन्ने अवस्था उत्पन्न भएको भन्दै विशेष अदालत काठमाडौं र उच्च अदालत जनकपुरबाट भइरहेको प्रत्यक्ष प्रसारण रोक्न माग गर्दै रिट दायर गरेका थिए।

सर्वोच्च अदालतले मुद्दाको प्रत्यक्ष प्रसारणसम्बन्धी नीति, निर्देशिका र मापदण्ड तयार गर्ने प्रक्रिया अघि बढिरहेको उल्लेख गर्दै त्यसको टुंगो नलाग्दासम्म तोकिएका चार प्रकारका मुद्दाको प्रत्यक्ष प्रसारण नगर्न अन्तरिम आदेश जारी गरेको हो।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# देवानगञ्ज घटनाको छानबिन समिति घटनास्थलमा



दैनिक समाचारदाता
विराटनगर १३ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका(३ कप्तानगञ्जमा आइतबार राति भएको घटनाको छानबिन गर्न गठन गरिएको समिति बुधबार घटनास्थल पुगेको छ। आइतबार राति दुई समूहबीच भएको विवाद नियन्त्रण गर्ने क्रममा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएको थियो भने नौ जना घाइते भएका थिए।
घटनाको विरोधमा प्रदर्शन उग्र बनेपछि गृह मन्त्रालयले सोमबार गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरेको थियो।
सोमबार नै विराटनगर पुगेको समितिले घाइतेहरूको अवस्था बुझ्दै उनीहरूसँग बयान लिएको थियो। बुधबार बिहान घटनास्थल पुगेको टोलीले घटनास्थलको निरीक्षण गर्नुका साथै स्थानीयवासीसँग सोधपुछ र जानकारी संकलन गरेको छ। समितिले घटनाको वस्तुस्थिति, प्रहरीको भूमिकालगायत समग्र घटनाक्रमबारे अध्ययन गरी प्रतिवेदन पेश गर्ने जनाएको छ।

# नारायणी अस्पताल घटनामा वडाध्यक्ष पक्राउ




दैनिक समाचारदाता
पर्सा, १३ साउन। वीरगञ्ज महानगरपालिका(२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीसहित तीन जनालाई नारायणी अस्पतालमा भएको तोडफोड तथा चिकित्सकमाथि भएको कुटपिट घटनाको अनुसन्धानका क्रममा प्रहरीले पक्राउ गरेको छ।
शनिबार वीरगञ्जस्थित नारायणी अस्पतालको आकस्मिक कक्षमा भएको तोडफोड र कुटपिट घटनाबारे सोधपुछका लागि वडाध्यक्ष चतुर्वेदीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार चतुर्वेदीसँगै अंकित पटेल र शैलेश पटेल पनि पक्राउ परेका छन्। उहाँका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध अभद्र व्यवहारसम्बन्धी कसुरमा अनुसन्धान तथा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको छ। आवश्यक म्याद थपका लागि उनीहरूलाई आजै जिल्ला प्रशासन कार्यालय पर्सामा उपस्थित गराइने प्रहरीले जनाएको छ।

***रिहाइको माग, आन्दोलनको चेतावनी***

यसैबीच, वीरगञ्ज महानगरपालिकाको नगर परिषद् बैठकले वडाध्यक्ष चतुर्वेदीलाई तत्काल रिहा गर्न सरकारसँग माग गरेको छ। परिषद्ले जननिर्वाचित प्रतिनिधिलाई पक्राउ गर्नु अन्यायपूर्ण भएको दाबी गर्दै तत्काल रिहाइको माग गरेको हो। साथै, चतुर्वेदीलाई अविलम्ब रिहा नगरिए चरणबद्ध आन्दोलन सुरु गर्ने चेतावनीसमेत नगर परिषद्ले दिएको छ।

# हुण्डी कारोबारमा एक पक्राउ, १.८९ अर्बको कारोबार खुलासा

दैनिक समाचारदाता
काठमाडौँ, १३ साउन। हुण्डी कारोबारमा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बैकिङ कारोबारको विश्लेषणका क्रममा धादिङका राजेन्द्रप्रसाद रिजाल हुण्डी कारोबारमा संलग्न रहेको भेटिएपछि पक्राउ गरेको हो।
सीआईबीका प्रहरी वरिष्ठ उपरीक्षक तथा प्रवक्ता अनुपम शमशेर जबराका अनुसार रिजालले अन्य व्यक्तिसँगको मिलेमतोमा व्यक्तिगत बैंक खाता प्रयोग गरी हुण्डीमार्फत एक अर्ब ८९ करोड ६५ लाख ३९ हजार ४५४ रुपैयाँ बराबरको कारोबार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।
हुण्डीसम्बन्धी कसुरमा अनुसन्धानका लागि काठमाडौँ जिल्ला अदालतबाट पक्राउ अनुमति लिएपछि रिजाललाई साउन १२ गते काठमाडौँ महानगरपालिका(८ स्थित राधाकृष्ण मन्दिर क्षेत्रबाट पक्राउ गरिएको सीआईबीले जनाएको छ। पक्राउ पर्ने रिजाल धादिङको साविक सत्यदेवी(८ का स्थायी बासिन्दा तथा हाल काठमाडौँ महानगरपालिका(८ मा बसोबास गर्दै आएका ४९ वर्षीय हुन्। घटनाबारे थप अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ।

# बलान कटान रोक्न चार करोडको योजना

दैनिक समाचारदाता
राजविराज, १३ साउन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सप्तरी क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य सीताराम साहले बलान नदी कटानबाट प्रभावित क्षेत्रको स्थलगत अनुगमन गर्दै कटान तथा डुवान नियन्त्रणका लागि करिब चार करोड रुपैयाँको योजना अघि बढाइएको जानकारी दिनुभएको छ।
मंगलबार सुरुङ्गा नगरपालिकाको चकदह क्षेत्रमा सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यालय, राजविराजका प्राविधिक टोलीसँग संयुक्त रूपमा निरीक्षण गरिएको हो। निरीक्षणपछि तत्काल ठेक्का प्रक्रिया अघि बढाई करिब एक करोड रुपैयाँ लागतमा कटान नियन्त्रणका संरचना निर्माण गर्ने निर्णय गरिएको सांसद साहले बताउनुभयो।



स्थानीय सुरज यादवका अनुसार विगत केही वर्षदेखि भइरहेको नदी कटानका कारण हालसम्म पाँच सय बिघाभन्दा बढी खेतीयोग्य जमिन बगरमा परिणत भइसकेको छ। यसले किसानको जीविकोपार्जनमा गम्भीर असर परेको भन्दै स्थानीयले शीघ्र संरक्षण कार्यको माग गरेका छन्।
त्यसैगरी, बलानबिहुल गाउँपालिकाको बेल्ही क्षेत्रमा पनि बलान नदीको बाढी तथा कटान नियन्त्रणका लागि प्राविधिक टोलीसहित स्थलगत निरीक्षण गरिएको थियो। उक्त क्षेत्रमा करिब तीन करोड रुपैयाँ लागतमा तटबन्ध निर्माण गर्ने योजना अघि बढाइएको छ। साउन मसान्तभित्र ठेक्का आह्वान गर्ने प्रक्रिया सुरु गरिने र यसबाट बाढी तथा कटानको समस्या दीर्घकालीन रूपमा न्यूनीकरण हुने अपेक्षा गरिएको सांसद साहले बताउनुभयो।
यसैबीच, सांसद साहको उपस्थितिमा बलानबिहुल गाउँपालिका र खडक नगरपालिकामा जनगुनासो सुनुवाइ तथा छलफल कार्यक्रम पनि सम्पन्न भएको छ। कार्यक्रममा स्थानीय बासिन्दाले नदी कटान, बाढी नियन्त्रण, कृषि, सडक, सिँचाइलगायत विकास निर्माणसँग सम्बन्धित समस्या र सुझाव राखेका थिए। सांसद साहले स्थानीय सरोकारका विषयलाई सम्बन्धित निकायसँग समन्वय गरी प्राथमिकताका साथ समाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# सुनसरीमा सेनाको हवाई गस्ती



दैनिक समाचारदाता
काठमाडौँ, १३ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्ज र आसपासको क्षेत्र तनावग्रस्त बनेपछि नेपाली सेनाले हवाई गस्ती गरेको छ।
सुरक्षा अवस्था र वस्तुस्थिति बुझ्न सेनाले आफ्नोतर्फबाट हवाई गस्ती गरिरहेको नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले जानकारी दिए। उनका अनुसार बुधबारसम्म सुनसरीको अवस्था शान्त रहेको छ।
कर्फ्यु आदेश जारी भएसँगै नेपाली सेना फिल्डमा परिचालन गरिएको थियो। पैदल गस्तीका साथै बुधबार हवाई गस्तीसमेत सञ्चालन गरेर शान्ति-सुरक्षा कायम गर्ने प्रयास गरिएको प्रवक्ता बस्नेतले बताए।
यता नेपाल प्रहरीले पनि ड्रोनमार्फत कप्तानगञ्ज क्षेत्रको वस्तुस्थिति अनुगमन गरेको छ। देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा आइतबार राति दुई समूहबीच भएको विवाद नियन्त्रणमा लिन सुरक्षाकर्मीले चलाएको गोली लागेर स्थानीय २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो।
सुरक्षा निकायका अनुसार एउटा पक्षले झण्डा नहटाएको र अर्को पक्षले चर्को आवाजमा डिजे बजाएको विषयमा विवाद भएपछि दुई समूहबीच झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन गरिएको हवाई फायरका क्रममा एक जनाको मृत्यु भएको सुरक्षा निकायको दाबी छ।
घटनामा एक जनाको मृत्यु हुनुका साथै नौ जना सर्वसाधारण घाइते भएपछि क्षेत्र तनावग्रस्त बनेको थियो। मंगलबार साँझ पुनः झडप, तोडफोड र आगजनीका घटना भए पनि हाल सुनसरीको अवस्था क्रमशः शान्त बन्दै गएको बताइएको छ।

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२, ९८५४०२५१६४

## लामखुट्टेबाट सर्ने रोगबाट बचौं

- लामखुट्टेको टोकाइबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता *संक्रामक रोग लाग्न सक्छ।*


***त्यसैले लामखुट्टेको टोकाइबाट बचौं***

- घर वरिपरि पानी जम्न नदिनु
- घर तथा गोठ वरिपरि सफा सुग्घर राख्नु
- गोठ तथा खोर घरभन्दा टाढा बनाउनु।
- शरीर ढाक्ने कपडा लगाउनु।
- झुल टाँगेर मात्र सुत्नु।
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाउनु।

लामखुट्टेको टोकाइबाट बचेर रहौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४